भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. ०७५/७६ रोजगार सेवा केन्द्र
च.नं. ४८६८

मिति: २०७५/१२/१०

## प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन २०७५ चैत्र मसान्त सम्ममा निवेदन दिने बारेको अत्यन्त जरुरी सूचना !!!

नेपाल सरकारको आ.व. २०७५/०७६ को वार्षिक कार्यक्रम अनुसार श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयले हालै सुरुवात गरेको प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि उक्त कार्यक्रमको वेवसाइट www.pmep.gov.npमा प्रकाशित सूचना बमोजिम आगामी आर्थिक वर्ष २०७६/०७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र मसान्त भित्र आफूले स्थायी बसोबास गरेकोस्थानीय तहको सम्बन्धित वडा कार्यलयमा बेरोजगार व्यक्ति (१८-५९) उमेर समूहको सूचीमा सूचीकृत हुन निवेदन दिने व्यवस्था भएकोले यस नगरपालिका भित्र स्थायी बसोबास गर्ने इच्छुक व्यक्तिले सम्वन्धित वडा कार्यालयबाट निवेदन फाराम प्राप्त गरी आ-आफ्नो वडा कार्यालयमा निवेदन दिनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निवेदनको ढाँचा यसैको अर्को पेजमा र www.bharatpurmun.gov.np मा पनि उपलब्ध छ ।

२२/१०

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

Scanned by CamScanner

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. ०७५/७६ रोजगार सेवा केन्द्र
च.नं. ४८६८

मिति: २०७५/१२/१०

विषय : सूचना पठाइएको बारे।

श्री वडा कार्यालय सबै,
भरतपुर महानगरपालिका, भरतपुर चितवन।

प्रस्तुत विषयमा नेपाल सरकारको चालु आ. व. २०७५/०७६ को वार्षिक कार्यक्रम अनुसार श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयले हालै शुरुवात गरेको प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०७६/०७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र मसान्तभित्र आफुले स्थायी बसोबास गरेकोस्थानीय तहको सम्वन्धित वडा कार्यालयमा बेरोजगार व्यक्ति (१८-५९) उमेर समूहको सूचीमा सूचीकृत हुन निवेदन दिने व्यवस्था भएकोले त्यस वडामा स्थायी बसोबास गर्ने इच्छुक व्यक्तिलाई निवेदन दिने व्यवस्थाका लागि यसै साथ संलग्न सूचना त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी आवश्यक प्रचारप्रसारको व्यवस्था मिलाउनु हुन अनुरोध छ।

साथै आवेदन दिने ढाँचा यसै साथ संलग्न छ। आवेदन दिन आउने व्यक्तिलाई उक्त ढाँचाको फोटोकपी वा नगरपालिकाको वेवसाईट www.bharatpurmun.gov.np वा www.pmep.gov.np बाट निवेदनको ढाँचा डाउनलोड गरी उपलब्ध गराउनु हुनको साथै २०७५ चैत्र मसान्तभित्र आएका आवेदनहरु संकलन गरी २०७६ वैशाख ७ गतेभित्र एकमुष्ट रुपमा यस महानगरपालिकाको रोजगार केन्द्रमा पठाईदिनु हुनसमेत अनुरोध छ।

७५/१२/१०

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

Scanned by CamScanner